# जय जय धन्य येशू हाम्रो मुक्ति

१. जयजय धन्य येशू हाम्रो मुक्तिदाता दुनियाँ हो, अचम्मको प्रेम सुनाऊ ।
भज भज दूतहरू स्वर्गमा गाउँछन् उनको नामलाई इज्जत र मान बढाऊ
 झैं गोठाला येशूले भेडा पाल्छन् काँधमा बोकी सानालाई ल्याउँछन् घर
आऊ सब सियोन डाँडामा बस्ने विश्वासी स्तुति गर येशूको जयजयकार

२. जय जय धन्य येशू हाम्रा मुक्तिदाता पापको लागि रगत बहाई मरे
हाम्रो आड र अनन्त जीवनको आशा भज भज येशू जो क्रूस चढे
दुःख भोग्ने प्रेमपूर्ण मुक्तिदाता काँडे मुकुट घोच्यो उनको निधार
लाज घिन इन्कार निन्दा खाई हाम्रो लागि अब जयवन्त स्वर्गको राजकुमार

**बाइबल पद :** तिनीहरूले उहाँलाई भने, "सुन्दैछौ, यिनीहरूले के भनिर हेका छन् ?" तब येशूले तिनीहरूलाई भन्नुभयो, "हो, सुन्दैछु । के तिमीहरूले पढेका छैनौ, शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाइ ले पूर्ण प्रशंसा निकाल्नुभएको छ ?" मत्ती २१:१६